# खापरदेवस्थली माध्यमिक विद्यालय

## KHAPAR DEWASTHALI SECONDARY SCHOOL

खप्तड छेडेदह ४ बाजुरा

KHAPTAD CHHEDEDAHA-4, BAJURA

प.स.०८३

च.नं. ६६

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/१९

श्री सम्बन्धित सबै।

विषय: सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा।

प्रस्तुत विषयमा यस विद्यालयमा प्राथमिक तह, तृतीय श्रेणीको १ (एक) शिक्षक दरबन्दी मिति २०८३ असोज ३० गते रिक्त हुने हुदा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) को संशोधित व्यवस्थाबमोजिम उक्त दरबन्दी शिक्षक सरुवामार्फत पूर्ति गर्नुपर्ने भएकाले प्राथमिक तह तृतीय श्रेणीको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८३/०७/०३ सम्म, कार्यालय समय) भित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ।

पेशा गर्नुपर्ने कागजातहरू:

१. सरुवाका लागि निवेदन।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

३. आफ्नो सेवा अवधि खुल्ने कागजात।

४. स्थायी/अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।

५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।

६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात।

७. असाधारण तथा बेतलबी बिदा लिए/नलिएको सम्बन्धित कागजात।

८. विद्यालयको सहमति पत्र।

९. सम्बन्धित स्थानीय तहको सहमति पत्र।

१०. शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र ।

११. शिक्षा नियमावली (दशौं संशोधन, २०८३) बमोजिम प्राथमिकता दाबी गर्ने प्रमाण/कागजात (आवश्यक भएमा)।

१२. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको निवेदन फारम। उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ (दशौं संशोधन, २०८३) तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१३. २०८३ साल कर्तिक ३ गते सम्म विद्यालय प्रशासन खुला रहने छ ।

चन्द्र बहादुर थापा
प्रधानाध्यापक
प्रधानाध्यापक

बोधार्थ:

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, बाजुरा – जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।

२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, खप्तड छेडेदह गाउँपालिका – जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।

३. श्री खप्तड छेडेदह गाउँपालिका – ४ , वडा कार्यालय – जानकारीका लागि।

४. विद्यालयको सूचना पाटी तथा Email वा विद्यालयके पेजमा – प्रकाशनका लागि।

Email: khapardewasthlimavi@gmail.com /Whatsapp no. 9848681615, 9848459768 ,9844161144

प्रधानाध्यापक